# पाल्हीनन्दन गाउँपालिका
# Palhinandan Rural Municipality
## गाँउ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

पत्र संख्या (Letter No.) :
चलानी नं. (Ref. No.) :

कुश्मा, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश
Kushma, Nawalparasi (Ba.Su.Pa.) Lumbini State,

मिति:२०८१/११//०५

आ.व. २०८२/०८३ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्वन्धी

सार्वजनिक सूचना !!

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ क नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम चालु आर्थिक वर्ष २०८१/०८२ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ (अठार) वर्ष देखि ५९ (उनान्साठी) वर्ष उमेर समूहका बेरोजगार नागरिकले बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसुची-१ को फारम भरी यहि २०८१ फागुन मसान्त सम्म आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

निवेदनको ढाँचा र यस सम्वन्धी थप जानकारी वडा कार्यालय, रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट https://pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ।

<u>निवेदनसाथ संलग्न हुनुपर्ने कागजातः</u>

- निवेदकको नेपाली नागरिकताको प्रतिलिपि-१ प्रति
- नागरिकतामा स्थायी ठेगाना हाल बसोवास गरेक स्थान भन्दा फरक भएमा वसाईसराईको प्रतिलिपि-१ प्रति
- निवेदकको फोटो - १ प्रति
- निवेदकको परिवारको सदस्यको नागरिकताको प्रतिलिपि वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि १ प्रति
- निवेदकको शैक्षिक योग्यता वा सीप/क्षमताको प्रमाणपत्र १ प्रति (ऐच्छिक)

वृज किशोर प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

वृजकिशोर प्रसाद
प्रमुख प्रशासकीय अधिकृत